# नौतडी विस्तडी सडक निर्माण आयोजना अन्तिम अनुगमन मूल्याङ्कन प्रतिवेदन

अनुगमन भ्रमणको औचित्यः भागेश्वर गाउँपालिका अन्तरगत वार्ड न २ नौतडी विस्तडी सडक निर्माण आयोजना भागेश्वर गाउँपालिकाको कार्यालयबाट कार्यान्वयनमां रहेको छ।

बजेट :- **५००००००** (**सघीय शसर्त अनुदान** )

कार्यान्वयन **आ . व. ०८०/०८१**

**प्रक्रिया :- राष्ट्रिय दैनिक समाचार पत्रमा प्रकाशित विज्ञापन खुला वोलपत्र आव्हान**

**वोलपत्र प्रकाशित मिति २०८०-०६-१० राष्ट्रिय दैनिक नेपाल समाचारपत्र**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित मिति २०८०-०८-१८**

**वोलपत्र सम्झौता मिति :- २०८०/०९/०५**

**निर्माण कार्यान्वयन मिति :- २०८०/०९/२०**

**कार्यसम्पादन मूल्यांकन प्रक्रिया तपसिल वमोजिम गरिएको थियो ।**

उद्देश्य निर्धारण

उपभोक्ता, जनप्रतिनिधी र सरोकारवालाहरु बीच छलफलको माध्यमबाट सडकमा पर्ने व्यक्तिगत जग्गाको वारेमा जग्गाधनीहरु वीच समन्वय र सम्झौता गरी सडक निर्माण कार्य सुचारु गरिएको ।

१. कार्यसम्पादन मापन टोली

यस गाउँपालिका कार्यालयको मिति २०८१/१/२९ को निर्णयानुसार देहाय बमोजिमको अनुगमन तथा अन्तिम कार्य सम्पादन प्रतिवेदन नाप जाच गर्ने निर्णय भएको।

क. गाउँ पालिका प्रमुख प्रशाकीय अधिकृत श्री खगेन्द्र भारती — संयोजक

ख. विज्ञ परामर्शदाता ईन्जिनियर श्री सुदिप देवकोटा — सदस्य

ग. योजना अधिकृत श्री प्रेम सि घोटा — सदस्य

घ ईन्जिनियर श्री सत्यराज ओली — सदस्य

ङ निर्माण कम्पनीको प्रतिनिधी श्री रमेश पन्त

**२. भ्रमणको संक्षिप्त उद्देश्यः** भागेश्वर गाउँपालिका वार्ड न. २ नौतडी विस्तडी सडक निर्माण आयोजना स्थलगत अवलोकन भ्रमण गरी गाउंपालिकाको वार्षिक कार्यक्रम तथा कार्य प्रगति समेतको कार्य सम्पादन प्रतिवेदन प्रत्यक्ष रुपमा सम्वन्धित विषयका जानकार सहित, गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत, विज्ञ परामर्शदाता ईन्जिनियर, योजना अधिकृत र इन्जिनियर समेतको सहभागितामा निर्माण कार्यस्थलमै निर्माण कम्पनीका प्रतिनिधीहरु अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट आयोजनाको कार्यको नाप जाच गर्ने कार्य गरियो ।

**३. भ्रमण कार्यतालिका तथा विवरणः**

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| २०८१/१/२९ | बगरकोट — रुपाल | |
| | नौतडी विस्तडी सडक निर्माण आयोजना स्थलगत निरीक्षण | |
| | नौतडी विस्तडी सडक निर्माण आयोजनाको स्थलगत निरिक्षण छलफल, नाप जाँच अनुगमन गर्ने । | |
| | रुपाल-बगरकोट | |

४. नौतडी विस्तडी सडक निर्माण आयोजनाको स्थलगत अवलोकन र निरीक्षणः

मिति २०८१ वैशाख २९ गते निरीक्षण टोली स्थलगत अनुगमनको लागि योजनास्थलमा पुगेको थियो। सो अवसरमा टोली प्रमुख सहितका प्राविधिकहरुले नौतडी विस्तडी सडक निर्माण आयोजनाको इष्टमेट र सम्झौता बमोजिम स्थलगत भए नभएको अन्तिम कार्य सम्पादन प्रतिवेदन तयार गर्न नाप जाँच गरी सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ छैन कति कार्य भएको भनि फिल्ड भ्रमण गरियो । साथै सोही दिन अन्य योजनाहरुको निर्माण हुने क्षेत्रको समेत स्थलगत निरीक्षण गरियो।

मिति २०८१ वैशाख २९ गते नौतडी विस्तडी सडक निर्माण आयोजना निर्माण व्यवसायी शिव कन्ट्रक्सन एण्ड सप्लायर्सका साईट इन्चार्ज रमेश पन्त सँग आयोजना स्थलगत निरीक्षण गरी समष्टिगत विकास निर्माण भएको सडकको निर्माण गतिविधि नापजाँच गरियो ।

आ.ब.०८०/०८१ सघीय सरकारको शसर्त अनुदानको विनियोजन वजेट रु ५०,००,००० मिति २०८०।०६।१० गते खुला बोलपत्र आह्रान गरी खुला प्रतिस्पर्धाबाट रु ४२११०३३.३५ भ्याट शिव कन्ट्रक्सन एण्ड सप्लायर्स डडेल्धुरा को नाममा ठेक्का सदर भई मिति २०८०।९।०५ गते सम्झौता अवधि मिति २०८१।१।३० सम्म भएको देखिन्छ । विभिन्न मितिमा शिव कन्ट्रक्सन एण्ड सप्लायर्स डडेल्धुरालाई निर्माण कार्यको लागि यस कार्यालयबाट पत्राचार गरिएको थियो। पहिलो किस्ता पेश्की स्वरुप रु. ३,६८,००० मिति २०८०/१०/०४ गते भुक्तानी भएको र मिति २०८०/१२/०७ गते काम भएको नाप जाँच गरी रनिङ्ग बिलमा पेश्की फछ्यौंट सहितको रकम रु २५,७२,३२१ मिति २०८०/१२/०७ गते भुक्तानी भएको छ ।नौतडी विस्तडी सडक निर्माणको क्रममा सरोकारवाला विभिन्न व्यक्तिहरुबाट सल्लाह सुझाव लिएर सडक निर्माण कार्य शुरु भएको स्थिति देखिन्छ।

५. बार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाः

| शीर्षक | बजेट (रु.) | ठेक्का कबोल अक भ्याट बाहेक | खर्च निकासा बजेट (रु.) | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| नौतडी विस्तडी सडक निर्माण | ५०,००००० | ४२११०३३.३५ | २५७२३२१ | ६१.०८ |

६. नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगतिको अवस्थाः

| मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|
| रुपाल क्षेत्र भित्रका जनताहरुको लागि यातायात सेवामा पहुँचमा अभिवृद्धि | निर्माण कार्य सम्पन्न भएको । | |

**७. सडक आयोजना संचालनमा देखिएका समस्याहरुः**


- निर्माणका काममा गुणस्तरसँग गाँसिएका विषय अध्ययन गर्दा योजनाको परिकल्पना, सम्भाव्यता अध्ययन, निर्माण सामग्रीका स्रोतहरूको यकिन, योजना प्राथमिकीकरण, योजना छनोट, गुणस्तर प्रत्याभूति गर्ने आधारहरू, मापनका सूचकहरू, योजना सञ्चालन तथा निर्माणका लागि सशक्त टिम, टिमको कार्यक्षमता र इमान्दारिता, अत्याधुनिक प्रयोगशाला, समय र प्रगतिसँग आबद्ध गरिएको हुनुपर्छ ।
- अनुगमनबाट मात्र हामीले खोजेको, जनताले चाहेको प्रतिफल प्राप्त गर्न सक्ने देखिन्छ ।
- भनसुन र हचुवाको तालमा छनोट गरिएका योजनाहरू हुने ।
- छोटो अवधिमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदनहरू नभएका ।
- हतारमा गरिने ठेक्कापट्टा व्यवस्थापन, थोरै बजेट विनियोजन ।
- ढिलो निकासा प्रणालीबाट भुक्तानी समस्याले थर्पिदै जाने ।
- राम्रो निर्माण सामग्रीको अभाव, व्यवस्थित प्रयोगशाला र दक्ष जनशक्तिको सधैं अभाव ।
- सडकको काम सुरुगर्ने बेला देखि स्थानीयतहमा जग्गाधनीहरुबाट आउने सडकनिर्माण अवरोध ।
- प्राविधिक कर्मचारीको अभाव
- कर्मचारीले काम थन्क्याउने प्रवृत्ति ।
- जनप्रतिनीधिहरुबाट समन्वय र सहजीकरणको कमी ।
- गुणस्तरीय निर्माण सामाग्रीको अभाव हुँदा गुणस्तरमा प्रश्नचिह्न खडा हुने ।

**८. अनुगमनमा देखिएका सकारात्मक /सुझावहरू:**

- निर्माण व्यवसायीले सडक आयोजनाको निर्धारित समय भित्र कार्य सम्पन्न गरेको ।
- सडक निर्माण कार्य ड्रइङ, डिजाइन र इष्टिमेट वमोजिम निर्माण गरिएको ।
- प्रयोग गरिने निर्माण सामग्री जस्तै बालुवा, गिट्टी, ढुङ्गा, सिमेन्ट,छड आदी इष्टिमेट बमोजिम र ल्याव टेष्ट सहितको प्रतिवेदन प्राप्त ।
- प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम निर्माण गरिएको ।
- हाल प्रयोग भएको बालुवा, गिट्टी, ढुङ्गा, सिमेन्टको गुणस्तर चेकजाचको रिपोर्ट पेश गरिएको ।
- सम्वन्धित साईट प्राविधिकले सडक निर्माण गर्दा समय समयमा निर्देशन दिएको ।
- विज्ञ परामर्शदाता ईन्जिनियरले फिल्डमा नै गई नाप जाँच गरी कार्य सम्पादन प्रतिवेदन दिएको ।
- कार्यालयले खटाइएको प्राविधिकले निर्माण अवधिभर निर्माण कार्यको प्रत्यक्ष निगरानी गरेको ।
- सिमेन्टवाट ढलान भएको सरचनामा पानीको प्रयोग भएको।

सडक निर्माण स्थलमा नाप जाँचको क्रममा खिचिएको तस्वीरहरु











प्रमुख प्रशासकीय अधिकृत










प्रमुख प्रशासकीय अधिकृत





नियुक्त प्रमाणकर्ता अधिकारी





प्रमुख प्रशासकीय अधिकृत